चन्द्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चन्द्रनिगाहपुर, रौतहट
२ नं. प्रदेश, नेपाल
२०७६

## फोहोरमैला व्यवस्थापन सम्बन्धि शिलबन्दी प्रस्ताव आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७६।०६।०१)**

चन्द्रपुर नगरपालिका क्षेत्रभित्र घर घरबाट सृजित हुने फोहोरमैलालाई तत्काल व्यवस्थित रुपमा विसर्जित गर्न र दीर्घकालीन रुपमा नगरपालिकालाई फोहोर नियन्त्रित नगरपालिकाको रुपमा पहिचान गराउन सार्वजनिक निजी साझेदारी अवधारणामा व्यवस्थापन कार्य अघि बढाउन इच्छुक फर्म, संघ संस्था वा कम्पनीलाई यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनभित्र यसै सूचनामा प्रकाशित प्रस्तावका शर्तहरुमा उल्लेखित विषयहरु समावेश गरी १६ औं दिन मध्यान्ह १२ : ०० बजेभित्र ( अन्तिम दिन विदा परेमा त्यसको भोलिपल्ट) कार्यालयमा आइपुग्ने गरी रीतपूर्वकको आवश्यक कागजातहरु सहितको शिलबन्दी प्रस्ताव (प्राविधिक तथा आर्थिक) पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समयभित्र दर्ता नभएका र प्रचलित कानुन बमोजिम प्रक्रिया नपुगेका प्रस्ताव उपर कुनै कारबाही अगाडि बढाइने छैन । साथै प्रक्रिया पुरा गरी पेश भएका प्रस्तावहरु उपर पनि पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने एवम आशिंक रुपमा मात्र स्वीकृत गर्ने भन्ने पूर्णाधिकार यस नगरपालिकाको कार्यालयमा सुरक्षित रहने व्यहोरा समेत जानकारी गराइन्छ । यस सम्बन्धी विस्तृत जानकारी यस नगरपालिकाको सम्पर्क नं. ०५५ - ५४०२०० वेवसाइट (Web site : www.chandrapurmun.gov.np) वा कार्यालयबाट लिन सकिनेछ ।

<u>प्रस्तावका शर्तहरु</u> :

१) प्रस्तावसँग फर्म संघ संस्था वा कम्पनीको बैधानिकताको प्रमाणपत्रको प्रतिलिपी, सञ्चालक व्यक्तिहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, पान, भ्याटमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी, विधान वा प्रबन्धपत्र तथा विनियमावलीको प्रतिलिपी लगायतका नवीकरण भएका कागजात पेश गर्नुपर्नेछ ।

२) प्रस्तावकको प्रस्ताव दैनिक संकलित फोहोरलाई कुहिने र नकुहिने गरी विभाजन गर्ने र त्यसरी विभाजन गरिसकेपछि :-

क) कुहिनेको हकमा : तत्काल कम्पोष्ट मल बनाई व्यबसायिक रुपमा नै बिक्रि वितरण गर्न सक्ने र दीर्घकालीन रुपमा घर घरमै कम्पोष्ट मल बनाउन सिकाइ प्रयोगमा ल्याउन प्रेरित गरी घरबाटै कुहिने फोहोर ननिस्कने वातावरण बनाउनु पर्नेछ ।

कृष्ण प्रसाद सिग्देल
नि.प्रमुख प्रशासकीय अधिकृत

ख) नकुहिनेको हकमा :- तत्काल पुन प्रयोगमा आउने खालका सामानहरु बिक्रिवितरण गर्न सक्ने र दीर्घकालीन रुपमा घरमै छुट्टयाएको नकुहिने फोहोर सम्बन्धित घरबाट खरिद गरी संकलन गर्ने र त्यसलाई एकमुष्ट रुपमा बिक्रि वितरण गरी व्यवसायिक रुपमै आम्दानी गर्न सक्ने खालको हुनु पर्नेछ ।

ग) यसरी विभाजन गरी प्रयोग हुने कुहिने र नकुहिने छुट्टाइसकेपछि पनि कतै प्रयोग नहुने केही बाँकी फोहोरलाई नगरपालिकाले तोकेको क्षेत्र ल्याण्डफिल्ड साइड वा प्रस्तावकले तोकेको क्षेत्रमा समेत लगी वातावरण नखल्बलिने गरी व्यबस्थापन गर्नुपर्नेछ ।

३) प्रस्तावकको प्रस्तावलाई सहयोग पुग्ने गरी नगरपालिकाले फोहोर व्यवस्थापन गर्न प्रयोग गर्दै आएको निम्न बमोजिमको आर्थिक तथा भौतिक स्रोतसाधनहरु मात्र प्रयोग गर्न सक्ने हुनुपर्नेछ ।

- टिपर थान १
- ट्रयाक्टर थान २ र सरसफाइमा कार्यरत कर्मचारी

४) शुरुमा फोहोर व्यवस्थापन गर्न आवश्यक पर्ने न्यूनतम व्यवस्थापकीय आवश्यकता पुरा गर्न र समुदायमा जनचेतना जगाउन नगरपालिकाले सहजीकरण गर्नेछ र प्रस्तावकले तालिम सञ्चालन गर्नेछ ।

५) फोहोर व्यवस्थापन केन्द्रको व्यवस्थापनको लागि आवश्यक पर्ने जनशक्ति प्रस्तावकले नै व्यवस्थापन गर्नुपर्नेछ । त्यस्ता प्रस्तावकले पेश गरेका विषयविज्ञ नगरपालिकाले बोलाएको बेला उपस्थित भई व्यवस्थापन सम्बन्धी गतिविधिको जानकारी गराउनु पर्नेछ र उक्त जनशक्तिको तलब भत्ता फोहोरजन्य बस्तुको बिक्रिबाट हुने आम्दानीबाट गरिने खर्च र रकम कट्टा गरी बाँकी मुनाफा रकमको ५०/५० प्रतिशत प्रस्तावक र नगरपालिकाले लिनेछ ।

६) यो कार्यक्रम सञ्चालनको लागि नगरपालिकाले १० बर्षको लागि प्रतिवर्ष रु. ५ लाखको दरले रु. ५० लाख नबढ्ने गरी आफुले कबोल गरेको रकमको ५ प्रतिशत रकम नेपाल बैंक लिमिटेडको धरौटी खाता नं ग-३-०८१०३००००००००३००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ । निजि क्षेत्रसँग सहकार्य गर्दा निजले कबोल गरेको रकम सम्झौता गर्ने बित्तिकै ६० प्रतिशत र बाँकी रकम कार्य सम्पादनको आधारमा उपलब्ध गराइदिनेछ ।

७) फोहोरमैला व्यवस्थापनबापत घर घरबाट नगरपालिकाले उठाउने भनी गरेको प्रस्ताव बमोजिमको फोहोरमैला व्यवस्थापन शुल्क नगरपालिका आफैंले वा स्वीकृत प्रस्तावकसँग छुट्टै सम्झौता गरी त्यस्तो शुल्क प्रस्तावकलाई पनि उठाउन लगाउन सक्नेछ ।

**कृष्ण प्रसाद सिग्देल**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

८) प्रस्ताव कार्यान्वयनको सीमा अवधि १० (दस) वर्षको हुनेछ । तर बढीमा १ (एक) वर्षको परीक्षणकाल हुनेछ । त्यसपछि पनि नगरपालिकालाई उपयुक्त लागेमा बढीमा ४/४ (चार/चार) वर्षको लागि म्याद थप गर्दै जानेछ ।

९) फोहोर संकलन केन्द्रसम्मा जाने पुर्वाधार एवम् आवश्यक अन्य निर्माण नगरपालिकाले गर्नेछ । मर्मत संभार प्रस्तावकले गर्नुपर्नेछ ।

१०) उल्लेखित प्रावधानहरुको अतिरिक्त समाजमा थप रोजगारी श्रृजना गर्न सक्ने, व्यवसायिकता हाँसिल गर्न सक्ने र वातावरण क्षेत्रमा विशेष कार्य अनुभव भएका प्रस्तावकलाई विशेष प्राथमिकता दिन सकिनेछ । प्रस्तावकले प्रस्ताव पेश गर्ने समयमा उल्लेख भएका जनशक्ति र सरसफाई केन्द्र सञ्चालनको समयमा परिचालन भएका जनशक्ति फरक पर्न गएमा प्रस्ताव पेश गर्ने समयमा जति नै दक्ष जनशक्ति परिचालन गर्नुपर्नेछ । अन्यथा सम्झौता अनुसारको कारबाही हुनेछ ।

११) फोहोर व्यवस्थापन सन्दर्भमा कुनै समस्या विवाद उत्पन्न भएमा प्रस्तावक र नगरपालिका छुट्टाछुट्टै वा संयुक्त रुपमा समाधानतर्फ पहल गर्न सकिनेछ ।

१२) यस कार्यक्रमलाई आवश्यक पर्ने जग्गा र प्रशोधन केन्द्र प्रस्तावक संस्थाले व्यवस्थापन गर्नुपर्नेछ ।

१३) स्वीकृत प्रस्तावकसँग सम्झौता गरेपछि सम्झौतामा उल्लेख भएको शर्तहरु सोही अनुसार र सम्झौतामा उल्लेख नभएका विषयहरुमा प्रचलित कानुन अनुसार हुनेछ ।

०७६-०६-०१

कृष्ण प्रसाद सिग्देल

नि. प्रमुख प्रशासकीय अधिकृत